# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ

प्रथम पटक प्रकाशित मितिः २०७८।०२।१३

**विषय ः अत्यावश्यक औषधी, मेडिकल उपकरण तथा सर्जिकल सामाग्री लगायतका सामाग्रीहरू खरिद गर्ने सम्बन्धी विद्युतिय सिलबन्दी दरभाउपत्र (e-Bidding) आब्हानको सूचना।**

यस तुलसीपुर उपमहानगरपालिको लागि आ.ब.०७७।०७८ मा आवश्यक पर्ने अत्यावश्यक निशुल्क औषधी, मेडिकलजन्य औजार उपकरण तथा सर्जिकल सामाग्रीहरू **विद्युतिय सिलवन्दी दरभाउपत्र ( ई विडिङ)** को माध्यमवाट खरीद गर्नुपर्ने भएकोले निम्न शर्तहरूको अधिनमा रहि विद्युतिय सिलवन्दी दरभाउपत्र (E- Bidding) को माध्यमबाट मात्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरूः**

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरि) ई-बिडिङ्गको माध्यमबाट खरिद गर्न सकिनेछ। खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरू सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र ई-बिडिङ्गको माध्यमबाट मात्र दर्ता गर्नुपर्नेछ । रितपुर्वक म्याद भित्र दर्ता भएका दरभाउपत्रहरू १६ औं दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस उपमहानगरपालिकामा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्रहरू खोल्न कुनै बाधा पर्नेछैन।

२. सिलवन्दी दरभाउपत्र ई-बिडिङ्गको माध्यमबाट खरिद तथा दर्ता गर्नुपर्ने भएकाले ***www.bolpatra.gov.np/egp*** मा गई दरभाउपत्रदाताले आफ्नो सम्पुर्ण विवरण भरि अपलोडएवलबाट दरभाउपत्र दर्ता गराउनु पर्नेछ । ई-बिडिङ्गका माध्यमबाट दरभाउपत्रमा भाग लिने दरभाउपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरू स्क्यान गरि पेश/अपलोड गर्नुपर्नेछ।

क) औषधि विक्री वितरण तथा मेडिकलजन्य/सर्जिकल समाग्री तथा उपकरण सम्वन्धि ब्यवसाय सन्चालन गर्न पाउने ईजाजत पत्र

ख) आयकर दर्ता प्रमाणपत्र

ग) मुल्य अभिवृदिकर दर्ता प्रमाणपत्र

घ) आ.व. २०७७।०७८ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र।

ङ) दरभाउपत्र फाराम दस्तुर बापतको तपसिलमा उल्लेखित अनुसारको रकम मेगा बैंक तुलसीपुर स्थित तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आन्तरिक राजश्व खाता नं ०३८००१००७९०४३ जम्मा गर्नुपर्नेछ।

च) धरौटी बापतको रकम तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको तुलसीपुर दाङ स्थित मेगा बैंक तुलसीपुर शाखामा रहेको धरौटी खाता नं. ०३८००१००७९१७८ मा नगद जम्मा गरेको अथवा नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको वैंक ग्यारेण्टी पेश गर्न सकिनेछ। यस्तो वैंक ग्यारेण्टी पत्रको म्याद दरभाउपत्र खोल्ने मितिबाट ७५ दिन समयाबधी भएको हुनुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

४. कारण जनाई वा नजनाई दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५. स्विकृत दरभाउपत्रदाताले सामानहरू सम्झौता भएको मितिले १० दिन भित्र यस कार्यालय अन्तर्गत जनस्वास्थ्य प्रवर्द्धन शाखा/ स्टोर शाखामा ल्याई सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्नेछ। तत् पश्चात दाखिला प्रतिवेदनको आधारमा मात्र भुक्तानीको प्रक्रिया अगाडी बढाइने छ । ढुवानी खर्च दरभाउपत्रदाताले स्वंय ब्यहोर्नुपर्नेछ । ढुवानीको क्रममा कुनै हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुनेछैन। संलग्न सिलवन्दी दरभाउपत्रमा स्वीकृत दरभाउपत्रदाताले स्वीकृत आइटमको कुनैपनि औषधि वा सामाग्रीको मुल्यबृद्धि गर्न पाइनेछैन ।

६. यस सम्बन्धमा कुनै कुरा बुझ्नुपरेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. सामानहरू सप्लाई गर्दा एकमुष्ठ गर्नुपर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

८. औषधी खरिद गर्दा *WHO GMP Certified Company* बाट उत्पादित औषधी मात्र खरिद गरिनेछ। औषधि उत्पादक कम्पनीको *WHO GMP Certification* नविकरण भएको हुनुपर्ने छ । उक्त कम्पनीहरूको औषधी व्यवस्था बिभागबाट उत्पादन ईजाजत वा नवीकरण पत्र भएको कागजात समेत पेश गनुपर्ने छ। बोतलमा सप्लाई हुने औषधीहरू प्लास्टिक बोतलमा र चक्कीहरू स्ट्रिपमा हुनुपर्नेछ। सप्लाई हुने औषधीहरूको प्रत्येक प्याकिङको बाहिर र बोतल, चक्कीहरूको स्ट्रिपमा उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं. तथा **Supply for Distribution of Free Essential Medicine under the Provision of Ministry of Health and Population Nepal / Not for Sale** (यो औषधी/सामान बिक्रीको लागि होइन) भन्ने वाक्यांश लेखिएको हुनुपर्नेछ ।

९. औषधी दाखिला हुन आउंदा सम्म औषधीको म्याद कम्तीमा १८ महिना बांकी हुनुपर्नेछ ।

१०. दरभाउपत्र फारममा भर्दा औषधि बिक्रि बितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुज्ञापत्र, बिदेशी औषधीहरूको हकमा *WHO GMP Valid Certification , Letter of Recommendation for Import of Drugs* आदि प्रमाणहरू पनि पेश गरेको हुनुपर्ने छ ।

११. दरभाउपत्रदाताले खरिद प्रकृयामा कानुनतः कारवाहीमा नपरेको, भाग लिन अयोग्य नभएको तथा पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा स्वंघोषणा पत्र पेश गर्नुपर्नेछ ।

१२. दरभाउपत्रदाताले पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपिहरू मान्यता प्राप्त ***नोटरी पब्लिक*** बाट प्रमाणित गरिएको पेश गर्नुपर्नेछ । ***नोटरी पब्लिकबाट प्रमाणित नगरिएका प्रतिलिपिहरू अमान्य मानिने छन्*** ।

१३. ***खरिद गरिने हरेक औषधि, उपकरण तथा सर्जिकल सामाग्रीको अलग अलग एकल आइटमवाइज मुल्यांकन गरि सबै भन्दा न्युन दररेट पेश हुन आएको अलग अलग आइटमहरूमा दरभाउपत्रदाताको प्रस्तावलाई स्वीकृति गरि सो आइटम सप्लाई गर्न खरिद सम्झौता गरिने छ।***

१४. दाखिला गर्दाका वखत खरिद गरिएका औषधि वा उपकरण आइटमहरूको स्वीकृत स्पेसिफिकेसन तथा भौतिक अवस्था मुल्याँकन गरि फरक स्पेसिफिकेसन तथा असामान्य भौतिक अवस्थाको आइटमको अवस्थावारे जानकारी गराएर सो को मुल्याँकन अनुसारको रकम भुक्तानी गरिने छैन ।

१५. यो सूचनामा उल्लेख नभई छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. क्र.सं./ ठे.नं./ कामको विववरण/ ल.ई. /धरौटी रकम / र दरभाउपत्र दस्तुर ः

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट वाहेक) (कुल लागत रकम रू.) | धरौटी रकम रू. | दरभाउपत्र रकम रू. |
|---|---|---|---|---|---|
| १ | TSMC/SQ/10/G/077/78 | Supply and delivery of free essential medicines, medical equipments and surgical goods. | ३५,८०,५४२।२५ | ८०,०००।०० | १,०००।०० |

नि. प्रमुख प्रशासकीय अधिकृत